आज मिति २०७६/०२/२० गते सोमवारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसबिर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राणा | कार्यपालिका सदस्य |
| श्री बिपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. वडास्तरीय योजना तर्जुमा गोष्ठि सम्बन्धमा ।

२. सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।

३. फर्निचर खरिद सम्बन्धमा ।

४. मालपोत कित्ता उतार खर्च सम्बन्धमा ।

५. मन्दिर निर्माण सम्बन्धमा

६. खानेपानी मर्मत सम्बन्धमा ।

७. उद्यमशिलता कार्यक्रमको खाना खर्च सम्बन्धमा ।

८. विद्यालय कार्यक्रम परिवर्तन सम्बन्धमा ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना छनौट गर्ने सम्बन्धमा ।

१०. प्राविधिक कर्मचारी तोक्ने सम्बन्धमा ।

११. कामदारको ज्याला निर्धारण गर्ने सम्बन्धमा ।

१२. तारजाली तथा ह्युम पाइप खरिद सम्बन्धमा ।

१३. योजनाहरुको अनुगमन गर्ने सम्बन्धमा ।

१४. पाईप, तारजालि र चुलो वितरणको मापदण्ड सम्बन्धमा ।

१५. विविध तथा प्रासंगिक विषयहरु ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आगामी आ.व. २०७६/७७ को बार्षिक विकास कार्यक्रममा समावेश गरिने आयोजनाहरुको छनौटका लागि सम्पूर्ण वडाहरुबाट वडास्तरीय योजना तर्जुमा गोष्ठि सञ्चालन गरी जेठ मसान्तभित्र यस गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. ५ को कल्याना खोलाकिनारामा शौचालय निर्माणका लागि **सार्वजनिक शौचालय निर्माण** शिर्षकबाट रु १ लाख विनियोजन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं १ स्थित नेरा मावि क्यापी तथा वडा नं. ७ स्थित चन्द्रज्योति आ.वि.लाई फर्निचर खरिदका लागि **फर्निचर निर्माण** शिर्षकबाट रु. १/१ लाख विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको साविकको थालारैकर, सिमा र जुँगाथापाचौर गाविसको मालपोतको एकसाले लगत उतार गरेर यस कार्यालयको कामकाजमा सहयता पुऱ्याएवापत छेडागाड नगरपालिका ८, निवासी लेखापढी व्यवसायी श्री भिम बहादुर राना क्षेत्रीलाइ तोकिएबमोजिमको रकम विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. ४ स्थित खापरदेव मष्टा मन्दिर निर्माणका लागि रु. १ लाख विनियोजन गर्ने निर्णय गरियो । सो रकम समपुरक कोष शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. ४ स्थित टाटा खानेपानी आयोजना मर्मतका लागि **खानेपानी मर्मत सम्भार कोषबाट** रु. २ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय जाजरकोटको सहयोगमा सञ्चालित महिला उद्यमीका लागि १० दिने उद्यमशिलता विकास तालिममा सहभागिहरुको खाना खर्च विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा श्री लक्ष्मी प्रा.वि.बस्नेवडालाई खानेपानी मर्मतका लागि छुट्याईएको रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार फर्निचर निर्माण गर्न लगाउने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यालय सिंहदरबार काठमाण्डौंको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ मा उल्लेख भए अनुसार मन्त्रालयबाट कामदार

प्रमुख प्रशासकीय अधिकृत

श्रमिकहरुलाई यस गाउँपालिकामा कम्तिमा २० (बीस) दिनको रोजगारी सृजना गर्ने खालको तपसिलका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो । साथै प्रत्येक आयोजनाको २० प्रतिशतले हुने रकम उक्त आयोजनालाई आवश्यक पर्ने बाह्य सामग्री खरिदका लागि विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. मौर्क खोला कजवे मर्मत शिवालय-१ | रु. ५,००,०००।- |
| २. सरस्वती आ.वि. फिल्ड निर्माण शिवालय-२ | रु. ३,००,०००।- |
| ३. सेवाला देखि वडा कार्यालय सम्म ढुङ्गा बिच्छाउने कार्य, शिवालय-३ | रु. ५,००,०००।- |
| ४. कल्याना देखि टाटा गोरेटो बाटो ढुङ्गा बिच्छयाउने कार्य, शिवालय-४ | रु. ३,००,०००।- |
| ५. कल्याना चिउदुवा सडक मर्मत, शिवालय-५ | रु. ४,००,०००।- |
| ६. थाला कचाली सडक मर्मत, शिवालय-६ | रु. ३,००,०००।- |
| ७. ढिकाले भिउस बाटो मर्मत, शिवालय-७ | रु. ३,००,०००।- |
| ८. स्वर्ग जाने बाटो मर्मत, शिवालय-८ | रु. ३,००,०००।- |

**जम्मा रकम रु. २९,००,०००।-**

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने सम्पुर्ण आयोजनाहरुको प्राविधिक लागत ईष्टिमेट, मुल्यांकन तथा अनुगमनको लागि यस शिवालय गाउँपालिकाको कार्यालयमा कार्यरत सब-ईन्जिनियर श्री कर्ण बहादुर शाहीलाई खटाउने निर्णय गरियो ।

## निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने सम्पुर्ण आयोजनाहरुको ज्याला निर्धारण सम्बन्धमा श्रमिकहरुको ज्याला निर्धारण गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको दररेट प्रति श्रमिक रु.५१७ रहेको र शिवालय गाउँपालिकामा अवलम्बन गरेको बाजरकोट जिल्लाको जिल्ला दररेट रु.६५० भएकोले श्रमिकहरुलाई बढी हुन आउने शिवालय गाउँपालिकाले अवलम्बन गरेको जिल्ला दररेट अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि छनौट भएका आयोजनाहरुमा ग्याबिन तारजाली तथा ह्युमपाइप खरिदका लागि रकम अभाव भएकोले समपुरक कोषबाट रु. ३ लाख बराबरको तारजाली तथा रु. ३ लाख बराबरको ह्युम पाइप खरिद गरी प्राथमिकताका आधारमा म्याचिङ्गस्वरुप विभिन्न आयोजनामा वितरण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. १३

प्रस्ताव नं. १३ मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत संचालन हुने सम्पुर्ण आयोजनाहरुको आयोजनातगत रुपमा समुहगत तरिकाले श्रमिकहरुलाई काममा लगाउने र कम्तिमा ४० प्रतिशत महिला श्रमिकहरुको सहभागिता गराउनुका साथै सम्बन्धित वडा कार्यालयबाट सम्बन्धित वडामा रहेको आयोजनाको अनुगमन, निरिक्षण गरी प्रतिवेदन पेश गर्ने जिम्मा सम्बन्धित वडाका वडा अध्यक्षलाई दिने निर्णय गरियो ।

## निर्णय नं. १४

प्रस्ताव नं. १४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको प्रस्तावका आधारमा कर्णाली प्रदेश सरकारद्धारा यस गाउँपालिकाअन्तर्गतका तपसिलका सडकहरुमा समपुरक रकम प्राप्त भएकोमा सो को कार्यान्वयनका लागि समपुरक रकम बितरणसम्बन्धी कार्यविधि तथा मार्गदर्शनका अधारमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को अधिनमा रही बोलपत्रको माध्यमद्धारा निर्माण गर्न तत्काल आवश्यक प्रक्रियामा जाने निर्णय गरियो ।

## निर्णय नं १५

प्रस्ताव नं. १५ मा छलफल गर्दा **नेप्साखोला गोठिमारे खानेपानी आयोजना**को RBT निर्माणका लागि रु. १ लाख ३५ हजार खानेपानी मर्मत सम्भार कोषबाट रकम विनियोजन गर्ने निर्णय गरियो । त्यसैगरी सशर्ततर्फको वातावरणीय सरसफाइ आयोजना अन्तर्गत ८.६.१६.२८८४ शिर्षकको बचत रहेको रु ७० हजार रकमबाट शिवालय गाउँपालिका वडा नं. ५ स्थित **नाउलाखोला मुल संरक्षण** गर्ने निर्णय गरियो । त्यस्तै शिवालय वडा नं. ३ लाई **पूर्ण सरसफाई घोषणा कार्यक्रम**को खर्च वातावरणीय सरसफाई आयोजनाको २.१५.२५.२ बाट भुक्तानी दिने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/२/२० मा बसेको अठ्ठाइसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत